# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ११-२०८२/०८३

मिति २०८२/१२/२६

समय: विहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री राजिव पन्थी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

| | |
|---|---|
| श्री होमनाथ लामिछाने | शिक्षा अधिकृत ( नि.प्र.प्र. अधिकृत ) |
| श्री कमल पौडेल | व. प्रशासन सहायक |
| श्री जीवन अर्याल, | जिन्सी शाखा |
| श्री चमेली आले | का. स. |

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ११-२०८२/०८३

मितिः २०८२/१२/२६

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. योजना कार्यान्वयन सम्बन्धमा ।
३. चिस्यान केन्द्र निर्माण सम्बन्धमा ।
४. आर्थिक गणना सम्बन्धी स्थानीय समन्वय समिति गठन सम्बन्धमा ।
५. योजनाहरुको प्राथमिकीकरण गरी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
६. विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।
७. 'घ' वर्गको इजाजत सम्बन्धमा ।
८. अपाङ्गता सशक्तिकरण समाज नेपालसँग सम्झौता गर्ने सम्बन्धमा ।
९. नेपाल विद्युत प्राधिकरण, तनहुँ वितरण केन्द्रमा धरौटी रकम जम्मा गर्ने सम्बन्धमा ।
१०. तथ्याङ्क संकलनको लागि गणक आवश्यकता सम्बन्धी सूचना सम्बन्धमा ।
११. विविध ।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा चा.लु. आ.व.मा सञ्चालित योजनाहरु तोकिएको समयमा सम्झौता गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ मा ५० मे.टन क्षमताको चिस्यान केन्द्र निर्माण गर्नको लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा कार्यक्रम माग गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा आर्थिक गणना २०८२ कार्यक्रम सञ्चालन तथा सहजीकरण र समन्वय गर्न तपसिल अनुसारको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | | | |
|---|---|---|---|
| क) संयोजक | - | तिल बहादुर थापा | (गा.पा. अध्यक्ष) |
| ख) सदस्य | - | भुवन सिं गुरुङ | (गा.पा. उपाध्यक्ष) |
| ग) सदस्य | - | रोशन श्रेष्ठ | (उद्योग वाणिज्य संघ अध्यक्ष, देवघाट) |
| घ) सदस्य | - | विनोद सारु | (स्थानीय व्यापार) |
| ङ) सदस्य | - | तोमा दाहाल | (स्थानीय व्यापार) |
| च) सदस्य | - | ईलाका प्रहरी कार्यालय प्रतिनिधी | |
| छ) सदस्य सचिवः | | प्रमुख प्रशासकीय अधिकृत | |

देवघाट गाउँपालिका कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८२/१२/०४ गतेको विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना बमोजिम आ.व. २०८३/८४ मा सञ्चालन हुने निम्न आयोजनाहरू प्राथमिकीकरण गरी आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**विशेष अनुदान**

क) सिन्च्याङ सारवाङ सारङ्घाट सडक स्तरोन्नती, देवघाट ४

ख) छेरङ्गा जोखिमयुक्त बस्ती स्थानान्तरण, देवघाट २

ग) देवघाट गाउँपालिका अन्तर्गतका दलित समुदायको उत्थान तथा विकास कार्यक्रम, समग्र देवघाट गाउँपालिका

**समपूरक अनुदान**

क) जरमटार कामीडाँडा जोखिम बस्ती संरक्षण, देवघाट २

ख) घण्टाचुली पर्यटन क्षेत्र पुर्वाधार निर्माण, देवघाट २ र ३

ग) देवघाट गाउँपालिका २,३ र ४ मा पहिरो नियन्त्रण तथा भूसंरक्षण, देवघाट २,३,४

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु मध्ये पाँच (५) जना भन्दा कम विद्यार्थी भएका विद्यालयहरुलाई नजिकको विद्यालयमा गाभ्ने (मर्ज), विद्यार्थी संख्या र शिक्षक अनुपात तथा शिक्षकको कार्य सम्पादन, विद्यार्थी संख्या, दरबन्दी तथा विद्यालय समायोजन कार्यदलको प्रतिवेदनको आधारमा शिक्षक/कर्मचारीहरुलाई दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) समायोजन भएका विद्यालयहरु:

| क्र.सं. | समायोजन (मर्ज) भएको विद्यालयको नाम र ठेगाना | विद्यार्थी संख्या | समायोजन गरिएको विद्यालय र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | सिद्ध आ.वि., देवघाट-२ | ४ जना | कालिगंगा मा.वि., देवघाट-२ | वालविकास केन्द्र यथावत रहेनेगरी |
| २ | इन्द्रपुरी आ.वि., देवघाट-२ | २ जना | सर्वोदय आ.वि., देवघाट-२ | भौतिक स्रोत र आर्थिक स्रोत सहित |
| ३ | शंकर आ.वि., देवघाट-३ | २ जना | कालिका आ.वि., देवघाट-३ | वालविकास केन्द्र यथावत रहेनेगरी |
| ४ | महादेव आ.वि., देवघाट-५ | ४ जना | वराह आ.वि., देवघाट-५ | भौतिक स्रोत र आर्थिक स्रोत सहित |

ख) शिक्षक दरबन्दी मिलान

| क्र. सं. | विद्यालयको नाम र ठेगाना | साविकको दरबन्दी संख्या (प्रा.वि. तह) | दरबन्दी थप हुने विद्यालयको नाम र ठेगाना | थप/घट पश्चात कायम हुने दरबन्दी | मिलान भई जाने शिक्षकको नाम | तह/श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सिद्ध आ.वि., देवघाट-२ | १ | चेतना आ.वि., देवघाट-१ | २ | श्री तुलाराम गुरुङ | प्राथमिक तह, तृतीय श्रेणी | विद्यालय मर्ज भएको |
| २ | इन्द्रपुरी आ.वि., देवघाट-२ | १ | लक्ष्मी आ.वि., देवघाट-२ | ६ | श्री बिनिता थापा | प्राथमिक तह, तृतीय श्रेणी | विद्यालय मर्ज भएको |
| ३ | शंकर आ.वि., देवघाट-३ | १ | कालिका आ.वि., देवघाट-३ | २ | श्री चित्र बहादुर मगर | प्राथमिक तह, तृतीय श्रेणी | विद्यालय मर्ज भएको |
| ४ | महादेव आ.वि., देवघाट-५ | १ | चक्रबर्ती आ.वि., देवघाट-५ | ५ | श्री मन्जु गुरुङ | प्राथमिक तह, तृतीय श्रेणी | विद्यालय मर्ज भएको |
| ५ | कालिका आ.वि., देवघाट-३ | ३ | बालकेश मा.वि., देवघाट-३ | ११ | श्री युवराज आले | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| ६ | बालकेश मा.वि., देवघाट-३ | ११ | बज्रयोगिनी मा.वि., देवघाट-५ | १० | श्री भीम कुमारी गुरुङ | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| ७ | जनशक्ति आ.वि., देवघाट-४ | ३ | महाकाली आ.वि., देवघाट-१ | ६ | श्री धन कुमारी काफ्ले | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| ८ | राष्ट्रिय मा.वि., देवघाट-४ | ११ | मुकुन्देश्वरी आ.वि., देवघाट-५ | २ | श्री रेनुका सुवेदी | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| ९ | बज्रयोगिनी मा.वि., देवघाट-५ | - | राष्ट्रिय मा.वि., देवघाट-४ | १ | श्री शशीकला काफ्ले | नि.मा.वि. राहत (अंग्रेजी) | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १० | जनज्योती आ.वि., देवघाट-४ | २ | कालिका मा.वि., देवघाट-५ | ९ | श्री मनिसरा थापा | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| ११ | गणेश आ.वि., देवघाट-१ | ३ | जनज्योती आ.वि., देवघाट-४ | २ | श्री बिक्रम थारु | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १२ | लक्ष्मी आ.वि., देवघाट-२ | ७ | जनसेवा आ.वि., देवघाट-२ | २ | श्री खिम बहादुर मल्ल | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १३ | मुकुन्देश्वरी आ.वि., देवघाट-५ | ३ | जुनोदय आ.वि., देवघाट-२ | ७ | श्री महेन्द्र कुमार श्रेष्ठ | प्राथमिक तह, द्वितीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १४ | सिद्ध महाकाली मा.वि., देवघाट-५ | १२ | बज्रयोगिनी मा.वि., देवघाट-५ | १० | श्री बन्दना भुसाल | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १५ | बज्रयोगिनी मा.वि., देवघाट-५ | १० | सिद्ध महाकाली मा.वि., देवघाट-५ | १२ | श्री पार्वती थापा | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १६ | चक्रबर्ती आ.वि., देवघाट-५ | ४ | कालिका आ.वि., देवघाट-५ | ५ | श्री गीता राजभाट | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १७ | कालिका आ.वि., देवघाट-५ | ५ | चक्रबर्ती आ.वि., देवघाट-५ | ५ | श्री शर्मिला अधिकारी | प्राथमिक तह, तृतीय श्रेणी | दरबन्दी मिलान तथा व्यवस्थापन |
| १८ | महादेव आ.वि., देवघाट-५ | - | वराह आ.वि., देवघाट-५ | १ | श्री मिनमाया बाचे राना | का.स. | विद्यालय मर्ज भएको (का.स.) |
| १९ | इन्द्रपुरी आ.वि., देवघाट-२ | - | सर्वोदय आ.वि., देवघाट-२ | १ | श्री भवान सिं आले | का.स. | विद्यालय मर्ज भएको (का.स.) |

बहादुर थापा

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा **वशिष्ट श्रीयान्स कन्स्ट्रक्सन प्रा.लि., काठमाण्डौं म.न.पा. १० लाई** 'घ' वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा डिजिटल अपाङ्गता तथा सहायता प्रणाली कार्यान्वयनका लागि अपाङ्गता सशक्तिकरण समाज नेपाल, महालक्ष्मी-५, ललितपुरसँग सम्झौता गरी प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. २ को सिफारिस र नेपाल विद्युत प्राधिकरण, तनहुँ वितरण केन्द्रले लागत अनुमान गरी मिति २०८२/१२/१६, च.नं. १०५२ को पत्रानुसार देवघाट-०२ तालबारी टोल विकास संस्थामा संचालित साँधेखोला लिफ्टिङ्ग खानेपानी संचालनको लागि विनियोजित रकमले उक्त योजना सम्पन्न गर्न रकम नपुग भएको हुँदा ०.४ के.भि. लाईन निर्माण कार्य रिचार्जेबल बर्क्स मार्फत गर्न लाग्ने लागत अनुमान रु. १,६१,१४३।५२ भ्याट समेत तनहुँ वितरण केन्द्रको नविल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००२०१०१७५०५४९७ मा रकम जम्मा गरी सो को सक्कल भौचर निवेदन सहित पेश गर्नु भनि पत्र प्राप्त भएको हुँदा सो कार्यको लागि लागत अनुमान बमोजिम धरौटी रकम जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा घोषणाको तयारीका लागि देवघाट गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका बालबालिकाहरुको स्थिति पत्ता लगाई प्रतिवेदन तयारीका लागि तथ्यांक संकलक (गणक) आवश्यकता सम्बन्धी सूचना प्रकाशन गर्ने र छनौट भएका गणकहरुलाई प्रति घरधुरी रु. १३०/- (एक सय तीस रुपैयाँ मात्र) पारिश्रमिक उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा देहाय बमोजिमका विविध विषयमा सर्वसम्मत निर्णय गरियो।

क) देउपुर डवलीपार्क देखि महेश आश्रम तथा चक्रवर्ती (नमस्ते गार्डेन) मार्ग जोड्ने बाटो कालोपत्रे कार्यको लागि प्राविधिक लागत अनुमान रु. १,०३,५३,०००/- भएकोमा आ.व. २०८२/८३ मा रु. ७० लाख बजेट विनियोजन भएको र नपुग रकम र. ३३,५३,०००/- आ.व. २०८३/०८४ को बजेटबाट स्रोत सुनिश्चित गर्ने निर्णय गरियो। साथै यसै अनुरुप बहुवर्षिय ठेक्का आह्वान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ख) गौरीटार उकालो ढलान देखि पदम स्मृति भवन तर्फ कालोपत्रे कार्यका लागि प्राविधिक लागत अनुमान रु. ५८,२३,०००/- भएकोमा आ.व. २०८२/०८३ मा रु. ५० लाख बजेट विनियोजन भएको र नपुग रकम रु. ८,२३,०००/- आ.व. २०८३/०८४ को वजेटबाट स्रोत सुनिश्चित गर्ने निर्णय गरियो। साथै यसै अनुरुप बहुवर्षिय ठक्का आह्वान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ग) सशस्त्र प्रहरी बल नेपाल नं. २३ हे.क्वा. मनकामना भानु-२, तनहुँलाई १ कोठे भवनको छानो छाउने कार्यका लागि रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोगको लागि व्यवस्थापन गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष